## परिच्छेद–२

## कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार

४. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :**

(१) गठन आदेश र यस नियमावलीमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकार को अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) केन्द्रको दैनिक प्रशासन सञ्चालन गर्ने गराउने,

(ख) केन्द्रको बजेट तथा कार्यक्रम तयार पारी समितिमा पेश गर्ने,

(ग) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(घ) केन्द्र तथा मातहत कार्यालयको निरीक्षण तथा अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) केन्द्रका कर्मचारीलाई आवश्यकतानुसार काजमा खटाउने,

(च) केन्द्रका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, काज, कार्य सम्पादन मूल्यांकन, विभागीय कारवाही र राजीनामा स्वीकृत गर्ने,
तर अधिकृत स्तरका कर्मचारीको हकमा नियुक्ती, बढुवा, राजिनामा र विभागीय कारवाही गर्न समितिको स्विकृति लिनु पर्नेछ ।

(छ) केन्द्रको आर्थिक प्रशासन तथा व्यवस्थापनका सम्बन्धमा प्रमुख लेखा उत्तर दायी अधिकृतको हैसियतले कार्य सम्पादन गर्ने गराउने,

(ज) समितिले तोके बमोजिम अन्य काम गर्ने ।

(२) कार्यकारी निर्देशकले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ,

५. **कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा :**

कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त तथा सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## कर्मचारीको सेवा समूह, तह र पदपूर्ति

६. **केन्द्रको सेवा :**

(१) केन्द्रमा देहाय बमोजिमका सेवाहरु रहनेछन् :

(क) प्रशासन सेवा

(ख) प्राविधिक सेवा

(२) उप-नियम(१) बमोजिमका सेवा अन्तर्गत आवश्यकतानुसार समूहहरु गठन गर्न सकिनेछ। यस्तो समूह गठन गर्दा कार्य विशिष्टता, कार्य प्रकृति, विशेषज्ञता तथा विशेष योग्यता र वृत्ति विकासलाई मुख्य आधार मानिनेछ।

(३) केन्द्रको सेवा, समूहमा रहने पदको नाम र संख्या समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) केन्द्रमा नवौं तहसम्म मात्र सेवा/समूह कायम रहनेछ।

७. **तह र स्तर :**

(१) केन्द्रमा अनुसूची-१ बमोजिम तेस्रो तहदेखि दशौं तहसम्मका पदहरु रहनेछन्।

(२) पियन, पाले, कुचिकार, माली, बगैंचे र ड्राइभर (सवारी चालक) का पदहरु तह बिहिन रहनेछन्। यी पदमा प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पाँचौं स्तर कायम गरिनेछ।

(३) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रको तेस्रो तहको पदमा कुनै कर्मचारी बहाल नरहेमा त्यस्तो पद स्वतः खारेज हुनेछ। केन्द्रमा हाल कार्यरत तेस्रो तहका कर्मचारीको बढुवा हुने पदका लागि आवश्यक सेवा अवधि र सोही तहको लागि आवश्यक शैक्षिक योग्यता पुगेको भएमा निजलाई चौथो तहमा बढुवा गरिनेछ। यसरी बढुवा गर्दा चौथो तहको पद स्वतः सृजना भई तेस्रो तहको पद खारेज भएको मानिनेछ। यसरी बढुवा गर्दा चौथो तहमा रिक्त दरबन्दी रहेसम्म सोही दरबन्दी मिलान गरी बढुवा गरिनेछ र त्यस्तो रिक्त दरबन्दी नपुग भएमा मात्र थप दरबन्दी सृजना हुनेछ।

८. **पद सृजना :**

(१) केन्द्रमा देहाय बमोजिमका पदहरु रहनेछन् :

(क) स्थायी पद

(ख) करारमा नियुक्ति हुने पद

(२) कुनै पनि स्थायी पद सृजना गर्दा सो को कारण, औचित्य, आर्थिक दायित्व लगायतको कुराहरु खुलाई समितिमा पेश गर्नु पर्नेछ। केन्द्रमा पद सृजना गर्दा सहायक तह समितिले स्वीकृत गरे बमोजिम र अधिकृत तहको लागि समितिको सिफारिशको आधारमा मन्त्रालयबाट स्वीकृत भए बमोजिम स्थायी पद सृजना गर्न सकिनेछ।

(३) केन्द्रमा विशेष ज्ञान वा दक्षता आवश्यक पर्ने अस्थायी प्रकृतिको कामका लागि र तह बिहिन पदबाट सम्पादन हुने कार्यका लागि सञ्चालक समितिको स्विकृतिमा करार सेवा अन्तर्गतका पदहरु सृजना गर्न सकिनेछ।

(४) यो नियम प्रारम्भ हुँदाका बखत रिक्त रहेका र यो नियम प्रारम्भ भएपछि रिक्त हुने तह बिहिन पदहरु स्वत: खारेज भई त्यस्ता पदहरु सेवा करारमा नियुक्ति हुने पदको रुपमा परिणत हुनेछन्।

९. पदपूर्ति :

✡ (१) केन्द्रका पदमा देहाय बमोजिम पूर्ति गरिनेछ :

| तह | पदपूर्ति | | |
|---|---|---|---|
| | खुल्ला प्रतियोगिताद्वारा | कार्य क्षमताको आधारमा हुने बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
| ४ | १००% | – | – |
| ५ | ६०% | २०% | २०% |
| ६ (प्र.) | ५०% | २५% | २५% |
| ६ (प्रा.) | – | १००% | – |
| ७ (प्र.) | – | १००% | – |
| ७ (प्रा.) | ४०% | ६०% | – |
| ८ (प्र.) | – | १००% | – |
| ८ (प्रा.) | – | १००% | – |
| ९ (प्र.) | – | १००% | – |
| ९ (प्रा.) | – | १००% | – |
| १० | – | १००% | – |

✡ दोस्रो संशोधनद्वारा संशोधित

♥(२) खुल्ला र बढुवाको प्रतिशत निर्धारण गर्दा शेष रहन आएको पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

♥(३) अधिकृत स्तरको शुरु तह भन्दा माथिल्लो तहको कुनै पदमा विशेष योग्यता र अनुभव भएको व्यक्ति केन्द्र भित्र उपलब्ध हुन नसकेको अवस्थामा त्यस्तो पदमा सञ्चालक समितिको स्वीकृति लिई खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न सकिनेछ।

♥(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरु मध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | महिला | – | तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | – | सत्ताइस प्रतिशत |
| (ग) | मधेसी | – | बाइस प्रतिशत |
| (घ) | दलित | – | नौ प्रतिशत |
| (ङ) | अपांग | – | पाँच प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | – | चार प्रतिशत |

**स्पष्टीकरण**

(१) यस उपनियमको प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ।

(२) यस उपनियमको खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाती, मधेसी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी/जनजाती, मधेसी र दलितलाई सम्झनु पर्छ।

१०. <u>पदपूर्ति समिति :</u>

(१) केन्द्रमा रहेका रिक्त पदहरु नयाँ भर्ना वा बढुवाद्वारा पूर्ति गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहने छ :

(क) कार्यकारी निर्देशक वा निजले तोकेको बरिष्ठ अधिकृत ------ अध्यक्ष

(ख) उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रतिनिधि --------- सदस्य

(ग) समितिले तोकेको एकजना विज्ञ------------------------ सदस्य

(घ) केन्द्रको प्रशासन हेर्ने बरिष्ठ तहको अधिकृत------------सदस्य सचिव

♥ पहिलो संशोधनद्वारा थप

(२) पदपूर्ति समितिले आवश्यकतानुसार कुनै विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

११. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :</u>

पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) यस नियमावलीको अधिनमा रही खुल्ला तथा बढुवा पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने, परीक्षाको पाठ्यक्रम तयार गर्ने, दरखास्त फारमको ढाँचा तयार गरी दरखास्त आव्हान गर्ने, परीक्षा विधि निर्धारण गर्ने, परीक्षा र अर्न्तरवार्ता सञ्चालन गर्ने गराउने, योग्यताक्रम, प्रतीक्षा सूची प्रकाशन गर्ने, नतिजा प्रकाशन गर्ने र छनौट भएका उमेदवारको नियुक्ति तथा बढुवाको सिफारिश गर्ने ।

ख) केन्द्रको स्विकृत दरबन्दीको परिधिभित्र रही विभिन्न सेवामा सेवा परिवर्तन वा दरबन्दी थपघटको लागि समितिमा सिफारिश गर्ने ।

१२. <u>रिक्त पद खारेज हुने :</u>

कुनै पनि रिक्त पद सामान्यतया एक बर्षभित्र पूर्ति गरी सक्नु पर्नेछ। उक्त अवधिभित्र पूर्ति नभएको पद स्वतः खारेज हुनेछ। तर पदपूर्तिको कारवाही अघि बढीसकेको अवस्थामा भने त्यस्तो पद खारेज हुनेछैन ।

१३. <u>विज्ञापन गर्नुपर्ने :</u>

(१) स्थायी पदपूर्तिका लागि दरखास्त आव्हान गर्दा कम्तिमा तीस दिनको अवधि तोकी राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा दुई पटक विज्ञापन गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम विज्ञापन गर्दा देहायका कुराहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ :

(क) पदपूर्ति गर्ने पदको नाम, तह, सेवा, समूह र तलब केन्द्रको नियमानुसार

(ख) स्थायी, अस्थायी, आवश्यक न्यूनतम शैक्षिक योग्यता र वान्छनीय योग्यता भए सो समेत,

(ग) परीक्षाको किसिम,

(घ) दरखास्त दिने अन्तिम मिति, परीक्षा मिति, अन्तरवार्ता मिति,

(ङ) परीक्षा दस्तुर, दरखास्त बुझाउने कार्यालय,

(च) आवश्यक देखिएका अन्य कुराहरु ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विज्ञापन सम्बन्धी

विस्तृत व्यहोरा कार्यालयबाट पाउन सकिने गरी विज्ञापन गरिने पदको संक्षिप्त व्यहोरा उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा तीन पटक सूचना प्रकाशन भएको रहेछ भने रीतपूर्वक विज्ञापन भएको मानिनेछ ।

१४. **उम्मेदवार हुनको लागि उमेरको हद र अयोग्यता :**

१) खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा उमेरको हद निम्नानुसार हुनेछः

(क) तह विहिन र सहायक स्तरको पदमा अठार बर्ष पूरा भै पैतिस बर्ष ननाघेको,

(ख) अधिकृत स्तरको हकमा एक्काइस बर्ष पुरा भै पैतीस बर्ष ननाघेको तर उपल्लो उमेरको हदका सम्बन्धमा महिला उम्मेदवारको हकमा चालीस बर्ष ननाघेको हुनु पर्नेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रको वहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(३) देहायको व्यक्ति केन्द्रको पदमा उम्मेदवार हुन पाउने छैन :

(क) गैह नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएको ।

१५. **परीक्षाको किसिम :**

(१) केन्द्रको रिक्त पदमा खुल्ला प्रतियोगात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा पदपूर्ति समितिले देहायमध्ये कुनै दुई वा सो भन्दा बढी प्रकृयाद्वारा उम्मेदवारको उपयुक्तता परीक्षण गर्न सक्नेछ :

(क) लिखित परीक्षा,

(ख) अन्तर्वार्ता

(ग) प्रयोगात्मक परीक्षा

तर तह विहिन पदमा अन्तरवार्ता वा प्रयोगात्मक वा दुवै प्रकृयाद्वारा छनौट गर्न सकिनेछ ।

१६. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

(१) अधिकृत तहको पदमा खुल्ला प्रतियोगात्मक परीक्षाद्वारा पूर्ति गर्दा सम्बन्धित विषयमा नेपाल सरकारद्वारा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

तर अधिकृत स्तर सातौ तह (प्रा.) पदको खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नु परेमा उमेदवारको न्यूनतम शैक्षिक योग्यता नेपाल सरकार द्वारा मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधी हासिल गरेको हुनु पर्नेछ ।

(२) सहायक स्तरको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा देहाय बमोजिमको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ :

(क) बरिष्ठ सहायक पाँचौ तह – सम्बन्धित विषयमा प्रमाणपत्र वा सो सरह

(ख) सहायक चौथो तह – एस.एल.सी.वा सो सरह

(ग) उपसहायक तृतीय तह – दशम कक्षा उत्तीर्ण

(३) श्रेणी बिहिन कर्मचारीको लागि साधारण-लेखपढ गर्न जानेको हुनु पर्नेछ । तर श्रेणी विहिन ड्राइभर (सवारी चालक) को लागि सवारी चालक अनुमति पत्र समेत प्राप्त गरेको हुनु पर्नेछ ।

४) कम्प्युटर अप्रेटरको लागि आवश्यक शैक्षिक योग्यता र प्रयोगात्मक परीक्षा लोकसेवा आयोगले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ ।

**स्पष्टीकरण :-** यस नियमको प्रयोजनको लागि सम्बन्धित विषय भन्नाले पदपूर्ति समितिको सिफारिसमा समितिले तोके बमोजिम सम्झनु पर्छ ।

१७. लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन :

(१) लिखित तथा प्रयोगात्मक परीक्षा समाप्त भएको मितिले साधारणतया तीन महिनाभित्र नतिजा प्रकाशन गर्नु पर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा योग्यतम उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

(२) लिखित तथा प्रयोगात्मक परीक्षाबाट अन्तरवार्ताका लागि उम्मेदवारको छनौट गर्दा प्रत्येक परीक्षामा उच्चतम अंक पाउने मध्येबाट लोक सेवा आयोगले अवलम्बन गरेको मापदण्ड अनुसार प्रकाशन गरिनेछ ।

(३) लिखित तथा प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क प्रत्येक पत्रमा पचास प्रतिशत हुनेछ ।

१८. अन्तरवार्ता, सिफारिश र प्रतिक्षा सूचि :

(१) लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन भएको मितिले साधारणतया एक महिनाभित्र अन्तरवार्ता गर्नुपर्नेछ । अन्तरवार्ता फाराम अनुसूची - २ मा तोकिए बमोजिम हुनेछ ।

तर कुनै उम्मेदवार काबु बाहिरको परिस्थिति परी अन्तरवार्ताका दिन उपस्थित हुन नसकेको भनी लिखित जानकारी प्राप्त हुन आएमा पदपूर्ति समितिले परिस्थिति

हेरी त्यस्तो उमेदवारका लागि छुट्टै अन्तरवार्ता लिन सक्नेछ ।

(२) अन्तरवार्ता सम्पन्न भएको साधारणतया दश दिनभित्र पदपूर्ति समितिले योग्यताक्रमानुसारको नतिजा प्रकाशन गरी नियुक्तिको लागि सिफारिश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम नतिजा प्रकाशन गर्दा कम्तिमा दुई जनामा नघटाई बढीमा रिक्त पदको अनुपातमा पच्चिस प्रतिशत सम्म बैकल्पिक उमेदवारको योग्यताक्रम अनुसारको सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

१९. <u>नियुक्ति :</u>

(१) कुनै पदमा नियुक्तिको लागि सिफारिस भएको व्यक्तिलाई नियुक्ति दिने अधिकारीले यथाशीघ्र कार्य बिवरण सहित नियुक्ति पत्र दिनेछ । नियुक्तिको लागि सिफारिश भएको मितिले पैतिस दिन सम्म कुनै व्यक्ति नियुक्तिपत्र लिन नआएमा वा नियुक्तिपत्र लिएको पन्ध्र दिन भित्र कार्यालयमा हाजिर हुन नआएमा त्यस्तो व्यक्तिको नाम सिफारिस सूचीबाट हटाई प्रतीक्षा सूचीमा रहेका व्यक्तिलाई योग्यताक्रमानुसार नियुक्ति दिइनेछ ।

(२) खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति भएको कुनै पद एक वर्षभित्र कुनै कारणले रिक्त हुन आएमा पहिले प्रतीक्षा सूचीमा रहेको व्यक्तिलाई उक्त रिक्त पदमा योग्यताक्रमानुसार नियुक्ति दिइनेछ ।

♥१९ क. करारमा नियुक्ति

(१) केन्द्रको स्वीकृत कार्यक्रम, परियोजना, अध्ययन, अनुसन्धान र व्यवस्थापकीय तथा प्राविधिक कार्यको सिलसिलामा सम्बन्धित प्राविधिज्ञ, विशेषज्ञ र अन्य दक्ष व्यक्ति वा संस्थाको सेवा आवश्यक परेमा त्यस्तो किसिमको सेवा एक पटकमा बढीमा एक वर्षमा नबढाई समितिले निर्धारण गरि दिएको कार्यविधि अपनाई समितिको स्वीकृति लिई प्राप्त गर्न सकिनेछ ।

(२) कुनै विशेष कार्यक्रम सम्पादन गर्नको लागि थप जनशक्ति आवश्यक परेमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति र लागत खर्च सहितको कार्यक्रमको विवरण समितिमा पेश गरी समितिको निर्णय अनुसार त्यस्तो कार्यक्रम सम्पन्न नभएसम्मको लागि समितिको स्वीकृतिमा कर्मचारीहरु नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्त गरिएका कर्मचारीको पारिश्रमिकको व्यवस्था कार्यक्रमको बजेटबाट नै व्यहोर्नु पर्नेछ ।

(३) केन्द्रको स्वीकृत दरबन्दीमा रहेको सहायक स्तरका पदहरु रिक्त रहेको र स्थायी

---

♥ पहिलो संशोधनद्वारा थप

पदपूर्ति भै नसकेको अवस्थामा कार्यालय वा कार्यक्रम सञ्चालन गर्न दरबन्दी भित्रका पदहरुमा आवश्यक पर्ने कर्मचारीहरु करार सेवामा रहने गरी समितिको स्वीकृतीमा बढिमा एक वर्षसम्मको लागि नियुक्ति गर्न सकिनेछ । यसरी रिक्त भएको पद छ महिना भित्र बढुवा तथा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट पूर्ति गरिनेछ ।

२०. **नियुक्ति दिने अधिकारी :**

केन्द्रको अधिकृत स्तरको पदमा समितिको स्विकृती लिई कार्यकारी निर्देशकले र सहायक स्तरको पदमा कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृतले नियुक्ति दिनेछ ।

२१. **निरोगिताको प्रमाण पत्र पेश गर्नुपर्ने :**

खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा छनौट भएको व्यक्तिले नियुक्ति पत्र लिनु अघि अनुसूची ३ बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

२२. **परीक्षणकाल :**

केन्द्रको स्थायी पदमा नयाँ नियुक्ति गर्दा महिला कर्मचारीको हकमा ६ महिना र पुरुष कर्मचारीको हकमा एक वर्षको परीक्षणकालमा रहने गरी गरिनेछ । परीक्षणकालमा रहेको कर्मचारीको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ । यसरी नियुक्ति बदर नगरिएको कर्मचारीको नियुक्ति परीक्षणकाल पूरा भएपछि स्वतः सदर भएको मानिनेछ ।

तर एक पटक केन्द्रको स्थायी पदमा पूरा परीक्षणकाल भुक्तान गरिसकेको कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन ।

२३. **शपथग्रहण :**

कुनै पदमा पहिलो पटक नियुक्ति हुने कर्मचारीले कार्यभार सम्हाल्नु अघि अधिकृत स्तरको कर्मचारी भए कार्यकारी निर्देशक समक्ष र सहायक स्तरको कर्मचारी भए कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत समक्ष अनुसूची – ४ बमोजिमको ढाँचामा शपथग्रहण गर्नु पर्नेछ ।

२४. **पदपूर्तिमा बन्देज :**

केन्द्रमा रिक्त रहेको पदहरुमा यस नियमावलीमा लेखिए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरिने छैन । कसैले नियमावली बिपरित नियुक्ति गरेमा नियुक्ति हुने कर्मचारीले पाएको तलब भत्ता र अन्य सुबिधाको रकम नियुक्ति दिने वा आदेश दिने अधिकारीबाट असूल उपर गरिनेछ ।